नेपाल सरकार
स्थानिय विकास मन्त्रलाय
स्थानिय पूर्वाधार तथा कृषि सडक विकास विभाग
ग्रामीण पुनर्निर्माण तथा पुनर्स्थापना आयोजना (RRRSDP)
आयोजना समन्वय इकाई (PCU/CISC)

# जिल्ला आयोजना समन्वय समिति
# District Project Coordination Committee (DPCC)
# को गठन एवं जिम्मेवारी सम्बन्धमा जारी भएको मार्गदर्शन-२०६५

## १. पृष्ठभूमि :

ग्रामीण पुनर्निर्माण तथा पुनर्स्थापना आयोजनामा जिल्ला तहमा आयोजना (Project) कार्यान्वयन (Implementation) गर्ने जिम्मेवार निकाय जि.वि.स. (DDC) हो र आयोजनाको प्राविधिक तथा व्यवस्थापन कार्यमा सम्बन्धित जिल्ला विकास समिति मातहतको जिल्ला प्राविधिक कार्यालय (DTO) जिम्मेवार रहेको छ । कार्यक्रम लागू भएका प्रत्येक जिल्लामा जिल्ला आयोजना समन्वय समिति (DPCC) रहने व्यवस्था छ । जिल्ला आयोजना समन्वय समिति जि.वि.स. सभापतिको अध्यक्षतामा गठन हुने व्यवस्था छ ।

## २. गठन बिधि :

जिल्ला आयोजना समन्वय समिति गठन सकेसम्म सामाजिक तथा लैङ्गिक समावेशी चरित्रको हुनुपर्ने, जिल्ला भित्रको समग्र क्षेत्रको प्रतिनिधित्व हुनुपर्ने, लाभान्वित समूह, नागरिक समाज, महिला, पिछडिएका जातजाति, सेवा सुविधाबाट विमुख समूह, सामाजिक कार्यकर्ता आदिको प्रतिनिधित्व हुने छ ।

**जिल्ला आयोजना समन्वय समितिमा तपसिल बमोजिमका सदस्यहरु रहनेछन् ।**

| | | |
|---|---|---|
| (१) | जिल्ला विकास समितिको सभापति | - अध्यक्ष |
| (२) | जिल्ला विकास समितिको उपसभापति | - उपाध्यक्ष |
| (३) | अध्यक्ष, विषयगत समिति, भौतिक पूर्वाधार विकास समिति, १(एक) जना | - सदस्य |
| (४) | जि.वि.स. सदस्य (महिला मध्ये १ जना) | - सदस्य |
| (५) | स्थानीय विकास अधिकारी , १(एक) जना | - सदस्य |
| (६) | प्रतिनिधि (अधिकृत स्तर), जिल्ला प्रशासन कार्यालय, १(एक) जना | - सदस्य |
| (७) | प्रतिनिधि (अधिकृत स्तर), जिल्ला मालपोत कार्यालय, १(एक) जना | - सदस्य |
| (८) | प्रतिनिधि (सम्भव भएसम्म अधिकृत स्तर), जिल्ला नापी शाखा, १(एक) जना | - सदस्य |

(९) प्रतिनिधि, महिला विकास अधिकृत, महिला विकास कार्यालय, १(एक) जना - सदस्य

(१०) प्रतिनिधि (अधिकृत स्तर), जिल्ला वन कार्यालय, १(एक) जना - सदस्य

(११) प्रतिनिधि (अधिकृत स्तर), खानेपानी तथा सरसफाई डिभिजन/सव- डिभिजन कार्यालय, १(एक) जना - सदस्य

(१२) प्रतिनिधि (सम्भव भएसम्म अधिकृत स्तर), जिल्ला घरेलु तथा साना उद्योग कार्यालय, १(एक) जना - सदस्य

(१३) प्रतिनिधि (सम्भव भएसम्म अधिकृत स्तर), जिल्ला भूसंरक्षण कार्यालय, १(एक) जना - सदस्य
(१)

(१४) प्रतिनिधि (अधिकृत स्तर), जिल्ला कृषि विकास कार्यालय, १(एक) जना - सदस्य

(१५) प्रतिनिधि, जिल्लास्तरीय गै.स.स. महासंघ , १(एक) जना - सदस्य

(१६) प्रतिनिधि, जिल्लास्तरीय उद्योग वाणिज्य संघ, १(एक) जना - सदस्य

(१७) प्रतिनिधि, दलित तथा विपन्न वर्गको तर्फबाट, १(एक) जना - सदस्य

(१८) आदिवासी जनजातिहरुको जिल्ला स्तरीय महासंघको प्रतिनिधि , १(एक) जना- सदस्य

(१९) इन्जिनियर, जिल्ला आयोजना कार्यालय, RRRSDP, १(एक) जना - सदस्य

(२०) सम्बन्धित जिल्लाबाट प्रतिनिधित्व गर्ने व्यवस्थापिका संसदका सबै सदस्य - आमन्त्रित सदस्य

(२१) जिल्ला स्तरीय यातायात व्यवसायी संघको प्रतिनिधि, १(एक) जना - आमन्त्रित सदस्य

(२२) नागरिक समाजका प्रतिनिधि (१ जना) - आमन्त्रित सदस्य

(२३) महिला विकासको क्षेत्रमा कार्य गर्ने गै.स.स.हरुबाट प्रतिनिधि, १(एक) जना - आमन्त्रित सदस्य

(२४) जिल्ला प्राविधिक कार्यालयका प्रमुख - सदस्य सचिव

## ३. जिल्ला आयोजना समन्वय समितिको भूमिका तथा जिम्मेवारी :

३.१ जिल्लामा ग्रामीण सडक आयोजनाहरु र अन्य पूरक पूर्वाधार विकासका कार्यक्रमहरु तर्जूमा, कार्यान्वयन तथा मर्मत संभार गर्ने क्रममा जि.वि.स.लाई सहयोग गर्ने तथा सुझाव दिने ।

३.२ आयोजनाको नियमित अनुगमन गरी सम्बन्धित राय सुझाव वा सिफारिशहरु (Recommendations) जि.वि.स. समक्ष पेश गर्ने ।

३.३ ग्रामीण सडक, आयोजना तथा पूरक लगानीका कार्यक्रमहरु कार्यान्वयनको अनुगमन, कार्य सम्पादन (Performance) जाँच गरी जि.वि.स. लाई पृष्ठपोषण दिने ।

३.४ गाउँ स्तरीय पूर्वाधार निर्माण समन्वय समिति, गाउँ विकास समिति, गुनासो व्यवस्थापन उप-समितिहरु (Grievance Redress Sub-Committees) तथा गाउँ स्तरीय पूर्वाधार उपभोक्ता समूह (VIUG) र सडक निर्माण कार्यान्वयन समिति (RBIC) ले समाधान गर्न नसकेका विवादहरु (Conflicts) समाधान गर्ने ।

३.५ विशिष्ट प्रकृतिका विवाद आएमा समाधानको लागि जिल्ला विकास समितिलाई सुझाव दिने वा सिफारिश गर्ने ।

३.६ कार्य सञ्चालनमा आवश्यक पर्ने नीति तर्जुमा तयार पार्न जि.वि.स.लाई सल्लाह दिने ।

३.७ गाउँ स्तरीय पूर्वाधार निर्माण समन्वय समिति गठन गर्दा तोकिएका सदस्यहरु मनोनित गर्ने ।

३.७ जिल्ला कार्यक्रम कार्यान्वयन समितिको बैठक कम्तिमा ६ महिनामा एकपटक बस्नेछ ।